# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखुरी), नेपाल, वैशाख २६ गते, २०८० साल (अतिरिक्ताङ्क ०६

# भाग ३

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०१/२६ को बैठकबाट "मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-२ मा हेरफेर" गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

लुम्बिनी प्रदेश मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले सो ऐनको अनुसूची-२ मा देहाय बमोजिमको हेरफेर गरेको छ ।

**क. अनुसूची २ को तालिकामा रहेको क्रमसंख्या १ र २ को सट्टा देहायको क्रमसंख्या १ र क्रमसंख्या ३,४ र ५ को सट्टा देहायको क्रमसंख्या २ कायम गरी क्रम मिलाउने ।**

| क.स. | सचिवालयमा रहने कर्मचारीहरुको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | सल्लाहकार | जना | २ | - | - | - |
| २ | विज्ञ | जना | ३ | - | - | - |

**ख. अनुसूची २ को द्रष्टव्यको क्रमसंख्या ३ को सट्टा देहायको क्रमसंख्या ३ राखे।**

*"३. क्रमसंख्या १ मा जुनसुकै कुरा लेखिएको भएतापनि खण्ड (क) को क्रमसंख्या १ मा सल्लाहाकारको पारिश्रमिक प्रदेश सरकारको राज्यमन्त्री सरह र क्रमसंख्या २ को विज्ञको पारिश्रमिक प्रदेश सरकारको एघारौं तहको कर्मचारी सरह हुनेछ र सल्लाहकार र विज्ञलाई प्रदेश सरकारले सवारी साधन सुविधा उपलब्ध गराउने छ ।"*

आज्ञाले,
राजेन्द्र थापा
कानून सचिव



प्रकाशनः लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय

(३)

# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, साउन ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क १३

# भाग ३

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०४।३१ को निर्णयानुसार "लुम्बिनी प्रदेश मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची २ मा गरिएको हेरफेर सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले सो ऐनको अनुसूची - २ मा देहाय बमोजिम हेरफेर गरेको छ ।

(क) मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी सम्बन्धी तालिकाको क्रमसंख्या ३ को सट्टा देहायको क्रमसंख्या ३ राखी सो भन्दा पछि देहायको क्रमसंख्या ४ थप गरी बाँकी क्रमसंख्या मिलाइएको छ ।

| क.सं. | सचिवालयमा रहने कर्मचारीहरुको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| ४ | पूर्वाधार विज्ञ | जना | १ | - | - | - |

आज्ञाले,
नरेन्द्र कुमार राना
प्रदेश सचिव



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय

# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, माघ २४ गते, २०७८ साल (अतिरिक्ताङ्क ४२


## भाग ३

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/१०/२४ को निर्णयानुसार मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची २ मा गरिएको हेरफेर सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले सो ऐनको अनुसूची - २ मा देहाय बमोजिम हेरफेर गरेको छ ।

(क) मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी सम्बन्धी तालिकाको क्रमसंख्या ३ को सट्टा देहायको क्रमसंख्या ३ राखी सो भन्दा पछि देहायको क्रमसंख्या ४ थप गरी बाँकी क्रमसंख्या मिलाइएको छ ।

| क.सं. | सचिवालयमा रहने कर्मचारीहरुको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | अर्थ विज्ञ | जना | १ | - | - | - |
| २ | सूचना प्रविधि विज्ञ | जना | १ | - | - | - |

(ख) द्रष्टव्यको क्रम संख्या ३ मा रहेका "जनसम्पर्क सल्लाहकार र क्रमसंख्या ३ को वित्त सल्लाहकारको" भन्ने शब्दहरुको सट्टा "जनसम्पर्क सल्लाहकारको" भन्ने शब्दहरु राख्ने।

(ग) द्रष्टव्यको क्रमसंख्या ३ पछि देहायको क्रमसंख्या ४ थप गर्ने। "४. क्रमसंख्या ३ को अर्थ विज्ञ र क्रमसंख्या ४ को सूचना प्रविधि विज्ञको सेवा सुविधा प्रदेश सरकारको एघारौं तहको कर्मचारी सरह हुनेछ।"

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहयोगी (प्रथमस्तर) | | | | | |

(ख) अनुसूची २ को द्रष्टव्यको क्रमसंख्या ३ को सट्टा देहायको क्रमसंख्या ३ राखे ।

"३. क्रमसंख्या १ मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रमसंख्या १ को राजनीतिक सल्लाहकारको सेवा सुविधा प्रदेश सरकारको राज्यमन्त्री सरह र क्रमसंख्या २ को जनसम्पर्क सल्लाहकार र क्रमसंख्या ३ को वित्त सल्लाहकारको सेवा सुविधा प्रदेश सरकारको सहायक मन्त्री सरह हुनेछ।"

आज्ञाले,
राजेन्द्र थापा
प्रदेश सचिव



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

८

# प्रदेश राजपत्र


लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, कार्तिक १२ गते, २०७८ साल (अतिरिक्ताङ्क ४१


## भाग ३

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/७/१२ को निर्णयानुसार मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची २ मा गरिएको हेरफेर सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले सो ऐनको अनुसूची - २ मा देहाय बमोजिम हेरफेर गरेको छ ।

(क) अनुसूची २ को तालिकामा क्रमसंख्या ३ को सट्टा नयाँ क्रमसंख्या राखी क्रमसंख्या मिलाउने र कायम हुन आएको क्रमसंख्या ७ पछि क्रमसंख्या ८ र ९ थप गरी क्रमसंख्या मिलाउने । यसरी कायम हुन आएको क्रमसंख्या ११ को मुख्यमन्त्री शिर्षकको कोलममा रहेको १ को सट्टा २ कायम गरी देहाय बमोजिम मिलाउने ।

| क.सं. | सचिवालयमा रहने कर्मचारीहरु को विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | वित्त सल्लाहकार | जना | १ | - | - | - |
| २ | दोभाषे (अधिकृतस्त र छैठौंतह सरह) | जना | १ | - | - | - |
| ३ | फोटो ग्राफर (सहायकस्त र पाँचौतह सरह) | जना | १ | - | - | - |
| ४ | स्वकीय कार्यालय | जना | २ | - | - | - |

# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, भदौ १३ गते, २०७८ साल (अतिरिक्ताङ्क २२


## भाग ३

### प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०५/१३ को निर्णयानुसार "प्रदेश नं. ५, मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ मा गरिएको हेरफेर" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

प्रदेश नं. ५, मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले सो ऐनको अनुसूचिमा देहाय बमोजिम हेरफेर गरेको छ ।

१. अनुसूची (१) को क्रम संख्या (२) मा रहेको आवास सुविधा शीर्षकमा मन्त्रीको कोलममा रु ३०,०००।- र राज्यमन्त्री तथा सहायक मन्त्रीको कोलममा रु २५,०००।- कायम गर्ने ।

२. सोही अनुसूचिको क्रम संख्या (३) मा रहेको फर्निचर सुविधा शीर्षकमा मन्त्रीको कोलममा रु ७५,०००।- कायम गर्ने ।

आज्ञाले,
राजेन्द्र थापा
प्रदेश सचिव



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालय

# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) मुकामः बुटवल, पुस १० गते, २०७७ साल (संख्या २१

## भाग ३

### प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०९।०३ को निर्णयानुसार "मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-२ मा गरिएको हेरफेर" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

मुख्यमन्त्रीको सचिवालयको दैनिक काम कारवाहीलाई अझ बढी प्रभावकारी बनाउन वाञ्छनीय भएकोले प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०९/०३ गतेको निर्णयबाट मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-२ मा देहाय बमोजिम हुने गरी हेरफेर गरिएको छ।

(क) अनुसुची -२ को तालिकामा क्रमसङ्ख्या १ भन्दा अगाडी देहायको नयाँ क्रम सङ्ख्या १ र २ थप गरी क्रम सङ्ख्या मिलाईएको छ।

| क. स. | सचिवालयमा रहने कर्मचारीहरुको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख राजनीतिक सल्लाहकार | जना | १ | - | - | - |
| २ | जनसम्पर्क सल्लाहकार | जना | १ | - | - | - |

(ख) अनुसूची-२ को द्रष्टव्यको क्रम सङ्ख्या २ पछि देहायको क्रम सङ्ख्या ३ थपिएको छः-

"३. क्रम सङ्ख्या १ मा जुनसुकै कुरा लेखिएको भएतापनि क.सं. १ को प्रमुख राजनीतिक सल्लाहकारको सेवा सुविधा प्रदेश सरकारको राज्यमन्त्री सरह र क.सं. २ को जनसम्पर्क सल्लाहकारको सेवा सुविधा प्रदेश सरकारको सहायक मन्त्री सरह हुनेछ।"

आज्ञाले,
**नारायण प्रसाद शर्मा दुवाडी**
**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालय

# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) मुकामः बुटवल, पुस १० गते, २०७७ साल (संख्या २१

## भाग ३

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०९।०३ को निर्णयानुसार "मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-२ मा गरिएको हेरफेर" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

मुख्यमन्त्रीको सचिवालयको दैनिक काम कारवाहीलाई अझ बढी प्रभावकारी बनाउन वाञ्छनीय भएकोले प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०९/०३ गतेको निर्णयबाट मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-२ मा देहाय बमोजिम हुने गरी हेरफेर गरिएको छ।

(क) अनुसुची -२ को तालिकामा क्रमसङ्ख्या १ भन्दा अगाडी देहायको नयाँ क्रम सङ्ख्या १ र २ थप गरी क्रम सङ्ख्या मिलाईएको छ।

| क्र. स. | सचिवालयमा रहने कर्मचारीहरुको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख राजनीतिक सल्लाहकार | जना | १ | - | - | - |
| २ | जनसम्पर्क सल्लाहकार | जना | १ | - | - | - |

(ख) अनुसूची-२ को द्रष्टव्यको क्रम सङ्ख्या २ पछि देहायको क्रम सङ्ख्या ३ थपिएको छः-

"३. क्रम सङ्ख्या १ मा जुनसुकै कुरा लेखिएको भएतापनि क्र.सं. १ को प्रमुख राजनीतिक सल्लाहकारको सेवा सुविधा प्रदेश सरकारको राज्यमन्त्री सरह र क्र.सं. २ को जनसम्पर्क सल्लाहकारको सेवा सुविधा प्रदेश सरकारको सहायक मन्त्री सरह हुनेछ।"

**आज्ञाले,**

**नारायण प्रसाद शर्मा दुवाडी**

**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालय

# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, मंसीर ०४ गते, २०७६ साल (अतिरिक्ताङ्क ४४

## भाग ३

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ र प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूचीमा हेरफेर सम्बन्धी मिति २०७६।०६।१७ गते प्रदेश सरकार (मं.प.) बाट स्वीकृत भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

प्रदेश नं. ५, प्रदेश सरकारले देहायका ऐनका अनुसूचीहरुमा मिति २०७६/०४/०१ देखि लागु हुने गरी देहायबमोजिम हेरफेर गरेको छः-

(क) मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको अनुसूची-१ को क्रम सङ्ख्या १ को मासिक पारिश्रमिक शिर्षकमा मुख्यमन्त्रीको रु. ७०,७३०।-, मन्त्रीको रु. ६०,३२०।-, राज्यमन्त्रीको रु. ५६,८४०।- र सहायक मन्त्रीको रू. ५५,८००।- कायम गरिएको छ।

(ख) प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १९ ले दिएको अधिकार प्रयोग गरि उक्त ऐनको अनुसूची -१ को क्रम सङ्ख्या १ को मासिक पारिश्रमिक शिर्षकमा सभामुखको रु. ६१,४८०।-, उपसभामुखको रु. ५८,०००।-, विपक्षीदलको नेताको रु. ५८,०००/-, सत्तापक्षको प्रमुख सचेतकको ५६,६८०।-, सभापतीको रु. ५५,६८०।-, विपक्षी दलको प्रमुख सचेतकको रू. ५५,६८०।-, सत्तापक्षको सचेतक रु. ५५,६८०।-, दलको प्रमुख सचेतकको रू. ५५,६८०।- र सदस्यको रु. ५२,२००।- कायम गरिएको छ ।

आज्ञाले,
टेकनारायण पाण्डे
सचिव



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय

# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) बुटवल, रूपन्देही, साउन २२ गते, २०७५ साल (अतिरिक्ताङ्क ११

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको ऐन नं. दो. अ. ०६

**प्रदेश नं. ५ प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावना**: मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश नं. ५ का मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ प्रदेश सम्झनु पर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. ५ को प्रदेश मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ग) "मन्त्री" भन्नाले प्रदेश नं. ५ का मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री समेत सम्झनु पर्छ।

(घ) "मुख्यमन्त्री" भन्नाले प्रदेश नं. ५ का मुख्यमन्त्री सम्झनु पर्छ ।

३. **पारिश्रमिक**:(१) मुख्यमन्त्री र मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक दिइनेछ ।

(२) मुख्यमन्त्री र मन्त्री कुनै कारणले सो पदमा नरहेमा निजलाई एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रुपमा दिइनेछ ।

४. **आवास सुविधा**: (१) मुख्यमन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्नेछ।

(२) मन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी घरको बन्दोबस्त नभएको र प्रदेशको राजधानीमा आफ्नो उपयुक्त घर नभएको मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको आवासको लागि अनुसूची-१ बमोजिमको रकम फर्निचर बापत दिइनेछ।

(६) उपदफा (१) र (२) बमोजिम बन्दोबस्त भएको घर कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

(७) उपदफा (३) बमोजिमको आवासको मर्मत र सम्भार खर्च बापत प्रदेश सरकारले तोके बमोजिमको रकम दिइनेछ ।

(८) यस दफा बमोजिमको आवास सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।

५. <u>सवारी तथा इन्धन सुविधा</u> : (१) मुख्यमन्त्री र मन्त्रीलाई सवारीको लागि चालक सहितको मोटर एक र अनुसुची - १ मा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मोटर प्रयोग नगरी आफ्नो निजी मोटर प्रयोग गर्ने मुख्यमन्त्री र मन्त्रीलाई नेपाल सरकारको हलुका सवारी चालकको तलबमानको सुरु अंक बराबरको रकम र उपदफा (१) बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइनेछ।

(३) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराइएको मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त प्रदेश सरकारले गर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम प्राप्त हुने इन्धन र मोबिलको बिल भरपाई बुझाउनु पर्ने छैन ।

(५) यस दफा बमोजिमको सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

६. <u>विजुली, धारा र सञ्चार सुविधाः</u> (१) मुख्यमन्त्री र मन्त्रीको आवासमा इन्टरनेट सहितको एक लाइन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम प्रदेश सरकारले व्यहोर्नेछ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई विजुली, धारा, इन्टरनेट, टेलिफोनको महसुल र पत्रपत्रिका बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

७. <u>उपचार सुविधा</u> : (१) मुख्यमन्त्री र मन्त्रीलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधी उपचार गर्नुपर्ने भनी गरेको सिफारिस बमोजिम मुख्यमन्त्री र मन्त्रीले सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(३) मुख्यमन्त्री र मन्त्रीको स्वदेशमा उपचार हुन नसकी मेडिकल बोर्डको सिफारिसमा नेपाल सरकारको सहमति लिई विदेशमा उपचार गराउनु परेमा प्रदेश सरकारले तोकेको उपचार खर्च पाउनेछन् ।

(४) उपदफा (२) र (३) बमोजिमको उपचार खर्च बापतको रकम मुख्यमन्त्रीको कार्यालयले मुख्यमन्त्री र मन्त्री भर्ना भएको सरकारी वा सामुदायिक अस्पताललाई भुक्तानी गर्नेछ ।

८. <u>दैनिक तथा भ्रमण भत्ता</u> : (१) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा वा नेपाल सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

९. <u>बीमा सुविधा</u> : मुख्यमन्त्री र मन्त्रीलाई सरकारी कामको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा दश लाख रुपैंया बराबरको बीमा सुविधा दिइनेछ ।

१०. <u>निजी सचिवालयको व्यवस्था</u> : (१) मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग पुऱ्याउन अनुसूची-२ बमोजिमको संख्यामा कर्मचारीहरु रहने गरी निजी सचिवालयको व्यवस्था हुनेछ ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई आफ्नो कार्यकालमा निजी सचिवालयको लागि आवश्यक पर्ने फर्निचर र कार्यालय सामानको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(३) उपदफा (२) बमोजिमका फर्निचर तथा स्थायी जिन्सी सामानहरु मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको सात दिनभित्र फिर्ता बुझाउनु पर्नेछ ।

११. **अतिथि सत्कार खर्च** : (१) मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयको लागि अतिथि सत्कार बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त अतिथि सत्कार खर्चको बिल भौचर बुझाउनु पर्ने छैन ।

१२. **अङ्गरक्षक र गार्डको सुविधा** : मुख्यमन्त्री र मन्त्रीलाई आवश्यक पर्ने अङ्गरक्षक र गार्डको सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१३. **शपथ** : मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-३ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

१४. **सुविधा लागू हुने** : मुख्यमन्त्री तथा मन्त्रीले यस ऐन बमोजिम पाउने सुविधा शपथ गरेको मिति देखि पाउनेछन् ।

१५. **अनुसूचीमा हेरफेर** : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची - १

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (३) र (५), दफा ५ को उपदफा (१), दफा ६ को उपदफा (२), दफा ८ र दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

### मुख्यमन्त्री तथा मन्त्रीको सुविधा

| क्र. सं. | सुविधाको प्रकार | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैयाँ | ६०,९७०।– | ५२,०००।– | ४९,०००।– | ४८,१००।– |
| २. | आवास सुविधा | प्रति महिना रुपैयाँ | - | - | १५,०००।– | १५,०००।– |
| ३. | फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ठ रु. | - | - | ५०,०००।– | ५०,०००।– |
| ४. | सवारी | मोटर (वटा) | आवश्यकता अनुसार | १ | १ | १ |
| ५. | सवारी इन्धन | लिटर (मासिक) | २५० | २०० | २०० | २०० |
| ६. | मोबिल | लिटर (त्रैमासिक) | आवश्यकता अनुसार | १० | १० | १० |
| ७. | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रुपैयाँ | बिल अनुसार | ३,०००।– | २,०००।– | २,०००।– |
| ८. | धारा, विजुली | प्रति महिना रुपैयाँ | बिल अनुसार | बिल अनुसार* | २,०००।– | २,०००।– |
| ९. | दैनिक तथा भ्रमण भत्ता (स्वदेश) | प्रति दिन रुपैयाँ | २,५००।- | २,०००।- | २,०००।- | २,०००।- |
| १०. | दैनिक तथा भ्रमण भत्ता (विदेश) | प्रति दिन अमेरिकी डलर | २२५।- | २२५।- | २२५।- | २२५।- |
| ११. | अतिथि सत्कार | प्रति महिना रुपैयाँ | १५,०००।– | १०,०००।– | ५,०००।– | ५,०००।– |

*द्रष्टव्य: सरकारी आवासमा बसेको अवस्थामा मात्र ।

१. विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकत्ता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

२. युरोपियन मुलुकहरू, अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, कोरिया, जापान, हङ्कगं, रुस, कतार, जाम्बिया, यू.ए.ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लिखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलव्ध गराइनेछ ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तिस प्रतिशत रकम उपलव्ध गराइनेछ ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको छैसठ्ठी प्रतिशत रकम उपलव्ध गराइनेछ ।

७. नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ ।

८. भ्रमण सम्बन्धी थप व्यवस्था:

(क) जिल्ला भ्रमण गर्नुपूर्व मन्त्रीले मुख्यमन्त्रीबाट स्विकृति लिनु पर्ने ।

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने ।

(ग) एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलव्ध भएसम्म  सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने ।

(घ) अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण नगर्ने ।

(ङ) भ्रमणबाट फर्के पछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गरेर मात्र भ्रमण बिल भुक्तानी गरिने ।

# अनुसूची-२

## दफा १० को उपदफा (१) सँग सम्बन्धित

## मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी

| क.सं. | सचिवालयमा रहने कर्मचारीको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प .द्वितीय श्रेणी वा सो सरह) | जना | १ | - | - | - |
| २. | स्वकीय अधिकृत (रा.प .तृतिय श्रेणी वा सो सरह) | जना | २ | १ | - | - |
| ३. | प्रेस संयोजक (रा.प .तृतिय श्रेणी वा सो सरह) | जना | १ | - | - | - |
| ४. | स्वकीय सहायक (कम्प्यूटर अपरेटर /रा.प.अनं प्रथम श्रेणी वा सो सरह) | जना | १ | १ | १ | १ |
| ५. | हलुका सवारी चालक (प्रथमस्तर) | जना | १ | १ | १ | १ |
| ६. | स्वकीय कार्यालय सहयोगी (प्रथमस्तर) | जना | १ | १ | १ | १ |
| | जम्मा | | ७ | ४ | ३ | ३ |

द्रष्टव्य:

१. स्वकीय सचिवालयका कर्मचारीहरुले शुरु स्केल अनुसारको तलव मात्र पाउनेछन् ।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको वैंक खातामा उपलब्ध गराइनेछ ।

## अनुसूची-३

(दफा १३ सँग सम्बन्धित)

**शपथ**

म........................................ मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/देश र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही प्रदेश नं. ...... को..........................पदको कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसै प्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मिति :

नाम :

दस्तखत :

प्रमाणीकरण मितिः २०७५/०४/२२

**आज्ञाले,**

**डा. मान बहादुर वीके**

**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय